नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १२७ २०७७ साल पुस १ गते बुधबार (16 Dec. 2020 Wednesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

*यस अंक भित्र :* २ पृष्ठमा : डोमः बाँस, बेत र ... ३ पृष्ठमा : एन्टिवडी परीक्षणका लागि ... ३ पृष्ठमा : अमेरिकामा राष्ट्रपति ...

# जंगली हात्तीको आंतकले स्थानिय अतंकित

**दैनिक समाचारदाता**
**राजविराज, ३० मंसिर ।**

कोशी टप्पु वन्यजन्तु आरक्षबाट दैनिक निस्किने जङगली हात्तीका कारण सप्तरीको सुरुङ्ग नगरपालिकाका स्थानियहरु चिसो मौसममा पनि जागराम बस्नुपर्ने बाध्यता रहेको छ ।

पछिलो पटक सोमबार सप्तरीको सुरुङगा नगरपालिकास्थित दौलतपुरमा जंगली हातीको आक्रमणमा परि एक जना बृद्धको मृत्यु भएको थिया ।

जिल्लाको सुरुङगा नगरपालिका वडा नं. ३ दौलतपुरमा राती उठेर पिसाफ फेँन घरबाहिर निस्केका बेला जङगलबाट निस्केको दुई वटा हात्तीले एक्कासी लखेटेपछि भाग्ने क्रममा स्थानिय बस्ने ७० बर्षिय सिताराम साहको लडर मृत्यु भएको हो ।

लडेर अचेत अवस्थामा भेटिएका उनको तत्काल उपचारको लागि सिराहा स्थित सप्तऋषी अस्पताल लहान लगेपनि उपचारको क्रममा मृत्यु भएको थियो ।

केही दिन यता कोशी टप्पुवन्यजन्तु आरक्षबाट दैनिक निस्केका जङगली हात्तीको कारण जिल्लाको सुरुङगा, रुपनी, शम्भुनाथ, कंचनपुर, रुपनगर र वैरवा सहितका ठाउँका मानिसहरु रातीको समयमा पनि जागराम बस्नुपरेको स्थानीय बिरेन्द्र साहको गुनासो छ ।

हात्तीले दैनिक आतंक मचाउदै आएका अवस्थामा कुन बेला हाम्रो तिर अउने हो भन्दै रातको समयमा जागेर बस्नुपर्ने बाध्यता रहेको उनले भने ।

यस्तै सप्तरीको सुरुङ्गा नगरपालिका ६ श्रीपुरमा विगत केही दिन देखि हात्ती आतंक बढेको छ । राति करीब १२ बजेको समयमा ३ वटा हातीको समुहले ५ जनाको घरमा तोडफोड गरी अन्नपात खाएको स्थानिय रवीलाल चौधरीले बताए । हात्तीको समुहले २ दिन रातीदेखि पटक पटक गाउँ पसेर आतंक मचाईएको नले जानकारी दिए ।

हात्तीले स्थानिय ईन्द्र नारायण चौधरी, उमाकान्त चौधरी, भोला प्रसाद चौधरी, शिव नारायण राम र बद्री नारायण साह लगायतका घर तोडफोड समेत गरेका छन । यसबाट बच्ने उपाई छिटो भन्दा छिटो खोज्ने त्यसतर्फ सबै मिलेर लाग्नु पर्ने नगरप्रमुख मुक्तनाथ चौधरीले बताए ।

यस्तै कोशी टप्पु बन्यजन्तु आरक्ष क्षेत्रबाट निस्केको जंगली हात्तीले दुई दिन अघि मात्रै राती सप्तरीको शम्भुनाथ नगरपालिकाको आधा दर्जन घर भत्काउनुका साथै लाखौंको अन्नबाली नष्ट गरेको थियो ।

हात्तीको समूहले शम्भुनाथ नगपालिका वडा नं. २ र ७ मा आधा दर्जनभन्दा बढी फुसको घर भत्किनुका साथै लाखौंको खाद्यान्न र खेतमा लगाइएका अन्नबाली नष्ट गरेको छ ।

चार/पाच वटा समुहमा रहेको हात्तीले शम्भुनाथ नगरपालिका २ का मो. जाहागिर, मो. असराद्दिन, मो. हजरादिन तथा वडा नं. ७ का सिमरित दास, सुकमार दास, भिम दास, राजकुमार दास, काशीकुमार दास लगायतको घर भत्काइदिएको पीडितहरुले बताएका छन् ।

हात्तीको आंतकपछि गाउँले त्रासमा जाग्राम बस्न समेत थालेका छन् । सो क्षेत्रका बालबालिका पनि घर बाहिर निस्कन डर मानिरहेका छन् ।

हात्ती आंतकबाट सर्वाधिक प्रभावित मानिएको शम्भुनाथ नगरपालिका, कंचनरुप नगरपालिका, सुरुङ्गा नगरपालिका, सप्तकोशी नगरपालिका, खडक नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, रुपनी गाउँपालिका र अग्निसाइर कृष्णासवरण गाउँपालिकाका बासिन्दाहरुले वर्षौदेखी नियन्त्रण र क्षतिपूर्ती माँग गर्दै स्थानिय प्रशासन र आरक्ष प्रशासनलाई ज्ञापनपत्र बुझाएपनि हाल सम्म कुनै ठोस पहल नभएको उनीहरुको गुनासो छ ।

कोशी टप्पु बन्य जन्तु आरक्षका हात्तीले ६ महिना यता मात्रै जिल्लामा दर्जनौ घरहरु भत्काएर लाखौ मुल्यको क्षति पुऱ्याएको प्रहरी तथ्याङ्कले देखाएको छ ।

गहु बाली खान र चिसो मौसमा हात्ती धेरै बाहिर निस्कने भएकाले अहिलेको समयमा जिल्लाको पश्चिमी, पुर्वी तथा उत्तरी भेगमा हात्तीले फेरि आतङ मचाउन थालिएको स्थानियबासीको भनाई छ ।

# हात्तीपीडित ३६ दलित परिवारलाई राहत बितरण

**दैनिक समाचारदाता**
**राजविराज, ३० मंसिर ।**

सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. १ का जंगली हात्ती पीडित ३६ दलित परिवारलाई राहत बितरण गरिएको छ ।

सो नगरपालिकास्थित चहका टोलका हात्तीबाट पीडित ३६ दलित परिवारलाई नगरपालिकाका प्रमुख मुक्तिनाथ चौधरीले राहत वितरण गरेका हुन् ।

पीडित प्रतिपरिवार २५ किलो चामल, भुजा पाँच किलो, खाने तेल एक लिटर, नून एक किलो, दाल दुई किलो, कम्बल एक थान वितरण गरिएको जनाइएको छ ।

केही दिनअघि कोशीटप्पु वन्यजन्तु आरक्षबाट जंगली हात्तीले स्थानीय करिया सदा, जतरु सदा, रामलोचन सदा, टुरा सदा, बौका सदा, मन्जय सदा, रामदेव सदा, लक्ष्मण मण्डल, श्यामसुन्दर सदासहितका घर तोडफोड गरेको थियो ।

हात्तीले घर तोडफोड गर्नुको साथै अन्नपात खाँदा उनीहरु बिच्चलीमा परेका थिए । केही दिनयता कोशीटप्पु वन्यजन्तु आरक्षबाट दैनिक निस्केको हात्तीले जिल्लाको पूर्वी, उत्तरी र पश्चिमी भेगमा आतङ्क मच्चाउँदै आएको छ ।

# बालिका बलात्कारका आरोपितलाई आठ वर्ष कैद र जरिवाना

**दैनिक समाचारदाता**
**राजविराज, ३० मंसिर ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ५ मोहनपुरका ४० वर्षीय गेनाइ राम चमारलाई बालिकालाई बलात्कारको आरोपमा अदालतले ८ वर्ष कैद

*बाँकी अन्तिम पृष्ठमा*




# प्रदेश स्तरिय महिला क्रिकेट छनौट प्रतियोगिता सुरु, सिरहा र महोत्तरी बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, ३० मंसिर ।**

प्रधानमन्त्रीकप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि प्रदेश २ स्तरिय महिला क्रिकेट छनौट प्रतियोगिता मंगलबारदेखी राजविराजमा सुरु भएको छ ।

स्थानिय राजरंगशालामा सम्पन्न दुई खेलमा सिरहा र महोत्तरी बिजयी भएका छन् । पाहुना टिम सिरहाले घरेलु टोली सप्तरीलाई एकपक्षिय खेलमा १० बिकेटले पराजित गऱ्यो भने दोश्रो खेलमा महोत्तरीले बारालाई ८ विकेटले पराजित गरेको छ ।

मौसमका कारण पहिलो खेल १४ ओभरको मात्र खेलाइएको थियो । जसमा टस जितेर ब्याटिङ रोजेको सप्तरी १४ ओभरमा ९ विकेट गुमाई २७ रनको झिनो स्कोरमै समेटिएको थियो । घरेलु टिमका कुनै पनि खेलाडी दोहोरो अंकमा पुग्न सकेनन् ।

२८ रनको सामान्य बिजयी लक्ष्य लिएर मैदानमा ओर्लेको सिरहा २ दशमलब २ ओभरमा बिना कुनै क्षति लक्ष्य प्राप्त गरेको थियो । उक्त खेलमा ३ विकेट लिए वापत सिरहाकी आरती

*बाँकी दुई पृष्ठमा*

## सम्पादकीय ....

# मुलुकलाई अस्थिरताको बटोमा नलैजाऊ

मुलुक अहिले राजनैतिक द्वन्द्वमा गइरहेको अवस्था छ। नेकपा भित्र चलिरहेको आन्तरिक द्वन्द्वका कारण अहिले मुलुकमा राजनीतिक अस्थिरताले स्थान पाएको छ। एकातिर राजावादीहरुको दिनहुँ निस्कने जुलुस भर्खरै प्रमुख प्रतिपक्षीय दल नेपाली काँग्रेसले पनि सडक मार्फत आफ्नो शक्ति प्रदर्शन देखाएको छ। यसरी मुलुकमा अस्थिरता बढीरहेको अवस्थामा सरकारमा रहेका बाहेकका राजनीतिक दलहरुले आन्दोलनको सुरुवात गरेको छ।

यसरी सत्तासिन दलको फितलो राज्य व्यवस्थाका कारण र दुई तिहाईको बहुमत समेत रहेको वर्तमान सरकार आफै राजनीतिक भूमरीमा फसिरहेको छ। यस्तो अवस्थामा सत्तासिन दलले आफ्नो विगतको कमिकमजोरीलाई तुरुन्त सच्याई आफ्नो पाँच वर्षिय कार्यकाललाई सफलतापूवर्क सम्पन्न गर्नेतर्फ सम्पूर्ण ध्यान केन्द्रित गर्नु पर्ने अवस्था रहेको छ। यसका लागि सम्पूर्ण राजनीतिक दलहरुसँग समनवय गरि विगतका कमिकमजोरीलाई सच्याउँदै उनीहरुको असन्तुष्टिलाई समेत ध्यानमा राखि अघि बढ्नु पर्ने आवश्यकता रहेको छ। नेपाली जनताले विगतका वर्षहरुमा धेरै यस्ता आन्दोलनमा होमिएपछि मात्र अहिलेको संघीय गणतन्त्र व्यवस्थाको अनुभुती गर्न पाएका छन्।

तसर्थ नेपाली जनताको दुःख र मर्मलाई आत्मसात गर्दै सम्पूर्ण राजनीतिक दलहरुले नेपाललाई एउटा शान्त मुलुकको बाटोमा पुनः लैजान महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने सम्पूर्ण आमजनताको चाहना रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकार पाँच वर्ष चल्नुपर्नेमा युवाको जोड

बिराटनगर, ३० मंसिर (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा देखिएको मतभेदले सरकारको भविष्यमा कुनै असर नपार्ने नेकपा सम्बद्ध युवा विद्यार्थीले बताएका छन्।

नेकपासँग आबद्ध युवा सङ्घद्वारा मंगलबार यहाँ आयोजित भेलामा उनीहरुले आफूभित्रको समस्यालाई समाधान गरी एकताबद्ध भएर नेकपा अघि बढ्ने छन् भन्नुभयो। दुई ठूला शक्तिशाली पार्टी जनताका चाहना र कम्युनिष्ट आन्दोलनको निम्ति एक भएकाले यो पार्टी फुट्न नहुने कुरामा उनीहरुले जोड दिएका छन्।

संघका केन्द्रीय संयोजक रामप्रसाद सापकोटाले सरकार कुनै पनि हालतमा पाँच वर्ष टिक्ने भन्दै पार्टी फुट्न नदिन युवा एक भएर लाग्नुपर्ने सुझाव दिनुभयो। उहाँले पार्टी एकता कसैको स्वार्थ पूरा गर्न नभई नेपाली जनताको चाहना र आवश्यकता पूरा गर्नका लागि भएको बताउनुभयो।

नेकपाका केन्द्रीय सदस्य महेश रेग्मीले पार्टीमा गम्भीर सङ्कट देखा परेकाले यसको समाधानका लागि युवा एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिनुभयो। पार्टीका अर्का केन्द्रीय सदस्य शिवकुमार मण्डलले पार्टीको सञ्चालन विचार र विधिबाट हुनुपर्ने बताउँदै सरकार जनताका हितमा केन्द्रित रहनुपर्ने उल्लेख गर्नुभयो।

सांसद अमनलाल मोदीले विधि र पद्धतिबाट सञ्चालन भएमात्र पार्टी दीर्घजीवी हुने धारणा राख्नुभयो। प्रदेश सभा सदस्य कुशल लिम्बूले सरकारले जनतालाई न्याय दिन नसकेको र पार्टीलाई पनि व्यवस्थित गर्न नसकेको विचार व्यक्त गर्नुभयो।

युवा संघका महासचिव नरेश शाहीले पार्टी एकता व्यक्तिको स्वार्थ पूरा गर्नेभन्दा पनि राष्ट्रिय हितको निम्ति भएकाले यसमा कसैले पनि दायाँबायाँ गर्न नहुनेमा जोड दिनुभयो।

'सम्पूर्ण देशभक्त प्रगतिशील तथा क्रान्तिकारी युवा विद्यार्थी एक जुट हौं' भन्ने मूल नाराका साथ आयोजित उक्त भेलामा युवा नेता वसिम आलम, नरेन्द्र बस्नेत, ईश्वरी आचार्य र गणेश उप्रेतीले सरकार जनतालाई सर्वोपरि ठानेर काम गर्नुपर्ने धारणा राख्नुभयो ।

# अवरुद्ध सार्क सम्मेलनका निम्ति सहमति जुट्नुपर्नेमा नेपालको जोड

काठमाडौं, ३० मंसिर (रासस)।

दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को अवरुद्ध १९औं शिखर सम्मेलन

**प्रदेश स्तरिय ...**

चौधरी म्यान आफ द म्याच घोषित भइन्।

मंगलबारै सम्पन्न दोश्रो खेलमा टस जितेर ब्याटिङ गरेको बाराले ७ विकेटको क्षतिमा ६८ रन बनाएको थियो। जबाफी ब्याटिङमा उत्रेको महोत्तरीले ९ दशमलब २ ओभरमै २ विकेटको क्षतिमा लक्ष्य भेटाएको थियो। उक्त खेलमा उत्कृष्ट बलिङ गर्दै ३ विकेट लिए वापत महोत्तरीकी रोजि कडारी म्यान अफ द म्याच घोषित भइन्।

बारा, सिरहा, महोत्तरी, सर्लाही र सप्तरी गरि कुल पाँच टिम सहभागिता रहेको प्रदेश स्तरिय छनौट प्रतियोगिता अन्तरगत बुधबारको पहिलो खेल सर्लाही र बारा तथा दोश्रो खेल महोत्तरी र सिरहाबीच हुने क्रिकेट संघ सप्तरीले जनाएको छ।

यथाशक्य चाँडो आयोजना गर्न सदस्य राष्ट्रहरुबीच सहमति जुट्नुपर्नेमा नेपालले पुनः जोड दिएको छ।

सार्क सचिवालयमा मंगलबार भएको कार्यक्रम समितिको अप्रत्यक्ष बैठकमा परराष्ट्र सचिव भरतराज पौड्यालले नेपालको परराष्ट्र नीतिले क्षेत्रीय सम्बन्ध र सहयोग विस्तारका लागि विशेष जोड दिएको बताउँदै सार्क क्षेत्रका सबैको समृद्धिका लागि व्यापार, वित्त, आर्थिक एकीकरण, सम्पर्क सञ्जाल विस्तार, जनस्तरको सम्बन्ध अभिवृद्धि हासिल गर्न एकजुट हुनुपर्ने विचार व्यक्त गर्नुभयो।

सार्कका महासचिव इशाला रुवान विराकुनले कोभिड-१९ को महामारीका कारण जनधनको क्षति भएका सदस्य राष्ट्रप्रति समवेदना व्यक्त गर्दै महामारीलगायत क्षेत्रीय स्वास्थ्य समस्या समाधान गर्न सार्कको महत्व अधिक रहेको बताउनुभयो।

## विश्व समाचार

# पद हस्तान्तरण कार्यक्रममा ट्रम्प सहभागी नहुने संभावना

वासिङ्टन, ३० मङ्सिर (रासस/एएनआई)।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प आगामी जनवरी २० मा हुने राष्ट्रपतिको पद हस्तान्तरण कार्यक्रममा सहभागी नहुने संभावना देखिएको छ।

राष्ट्रपतीय निर्वाचनको मत परिणाम अस्वीकार गर्दै आएकाले उहाँ पद हस्तान्तरण कार्यक्रममा सहभागी नहुनु हुने भएको स्रोतले जनाएको छ।

निर्वाचन आयोग र अदालतसमेतले निर्वाचनको परिणामलाई प्रश्न उठाउने आधार र प्रमाण नभएको दावी गरे पनि उहाँले भने अस्वीकार गर्दै आउनु भएको छ।

उहाँले मत परिणामप्रति असन्तुष्टि जनाउँदै हुलाकबाट प्राप्त भएका मत बदर गर्न विभिन्न अदालतमा मुद्दा दायर गर्नु भएको थियो तर पर्याप्त आधार र वस्तुनिष्ठ प्रमाणको अभाव देखाउँदै उहाँका सबै मुद्दालाई राज्यस्तरका र सर्वोच्च अदालतसमेतले अस्वीकार गरिसकेका छन्।

अमेरिकामा हरेक चार वर्षको नोभेम्बरमा राष्ट्रपति र उपराष्ट्रपति चयनका लागि निर्वाचन हुने र जनवरी २० तारिखका दिन पद हस्तान्तरण हुने व्यवस्था रहेको छ।

सोही व्यवस्थाअनुसार यस पटक भएको निर्वाचनमा बहालवाला राष्ट्रपति तथा रिपब्लीकन उम्मेदवार ट्रम्पलाई पराजित गर्दै डेमोक्रचाटतर्फका उम्मेदवार तथा पूर्वउपराष्ट्रपति जो बाइडेन राष्ट्रपतिमा निर्वाचित हुनुभएको छ।

राष्ट्रपति कार्यालयका एक जना सल्लाहकारलाई उद्धृत गर्दै स्रोतले जनाएअनुसार जनवरी २० मा हुने पद हस्तान्तरण कार्यक्रममा ट्रम्प सहभागी नहुने मनस्थितिमा पुग्नु भएको छ।

उहाँले दोस्रो कार्यकालका लागि पनि आफूले नै जितेको तर धाँधली गरेर आफूलाई हराइएको दावी गर्दै आउनुभएको छ।

# बम आक्रमणमा वरिष्ट अफगान अधिकारीको हत्या

काबुल, ३० मङ्सिर (रासस/सिन्ह्वा)।

अफगानिस्तानको राजधानी काबुलमा मङ्गलबार भएको बम विस्फोटनमा प्रान्तीय गभर्नरका सहयोगीसमेत अर्का एक व्यक्तिको ज्यान गएको गृह मन्त्रालयले जनाएको छ।

अफगान गृह मन्त्रालयका प्रवक्ता तारिक आरियानले महबुबुल्लाह मुहिबी र उहाँका कार्यालय सहयोगी बम आक्रमणमा मारिनु भएको बताउनुभयो। दुबै सरकारी पदाधिकारी चढेको सवारी साधनमा बम राखेर रिमोटबाट पड्काइएको बताउँदै प्रवक्ता तारिकले सवारी साधनमा रहेका दुई सुरक्षाकर्मी गम्भीर घाइते भएको जानकारी दिनुभयो।

आक्रमणबाट सवारी साधन पनि नराम्रोसँग क्षतिग्रस्त भएको छ। प्रवक्ता तारिकले उक्त घटनाको अनुसन्धान भइरहेको बताउनुभयो।

उक्त आक्रमणको कुनै पनि समूहले जिम्मेवारी लिएको छैन। तर अफगान सरकारी अधिकारीले उक्त आक्रमण विद्रोही तालिबानले गराएको दाबी गरेका छन्। हालैका महिनामा अफगानिस्तानका ठूला शहरमा तालिबान समूहले घुसपैठ गरी सिलसिलाबद्ध आक्रमण जारी राखेको अफगानी अधिकारीको भनाइ छ।

मङ्गलबार नै काबुलकै पूर्वीक्षेत्रमा सशस्त्र लडाकूले प्रहार गरेको गोली लागेर एक जना प्रहरी अधिकृतको ज्यान जानुका साथै अरु दुई प्रहरी घाइते भएका छन्। गत नोभेम्बर महिनामा मात्र झण्डै ४४ जनामाथि भएका व्यक्ति-लक्षित आक्रमणमा ज्यान गइसकेको छ।

# पुटिनद्वारा बाइडेनलाई बधाई, सहकार्य गर्न तयार रहेको पुटिनको भनाइ

मस्को, ३० मङ्सिर (रासस/एएफपी)।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मङ्गलबार औपचारिकरुपमै अमेरिकी राष्ट्रपति-निर्वाचित जो बाइडेनलाई बधाई दिनु भएको छ। विश्वव्यापी सुरक्षालाई प्रबर्द्धन गर्नेगरी आफूबीचका मतान्तरलाई थाँती राखेर दुबै देशले मिलेर कार्य गर्न आफू इच्छुक रहेको राष्ट्रपति पुटिनले बताउनु भएको छ।

राष्ट्रपति पुटिनले अमेरिकी राष्ट्रपति-निर्वाचित बाइडेनको कार्यकाल सफल हुने विश्वास व्यक्त गर्दै आफू सहकार्य र सम्पर्क स्थापित गर्न तत्पर रहेको बताउनु भएको छ।

राष्ट्रपतिको कार्यालय क्रेमलिनले सार्वजनिक गरेको विज्ञप्तिमा रुस र अमेरिकाको काँधमा विश्वको सुरक्षा र स्थायित्व कायम राख्न विशेष जिम्मेवारी रहेको उल्लेख छ।

विश्वका प्रमुख नेतामध्ये रुसी राष्ट्रपति अन्तिमतिर जो बाइडेनलाई बधाई दिने विश्व नेता हुनुहुन्छ। सोमबार मात्र अमेरिकी इलेक्टोरल कलेजले बाइडेनको जितलाई सुनिश्चित गर्नेगरी औपचारिकरुपमा मतदान गरेको थियो।

अमेरिकी राष्ट्रपति-निर्वाचित बाइडेनले रुस विरुद्ध राष्ट्रपति डोनाल्ड ट्रम्पको भन्दा पनि कडा नीति अख्तियार गर्ने अनुमान गरिएको छ। चुनावी अभियानका क्रममा बाइडेनले पुटिनसमेतका विश्वका धेरै तानाशाहलाई ट्रम्पले समर्थन र साथ दिएको बताउँदै आउनु भएको थियो।

सन् २०१६ को अमेरिकी राष्ट्रपतीय निर्वाचनमा रुसले हस्तक्षेप गरेको आरोप छ जसले ट्रम्पलाई विजयी हुन मद्दत गरेको थियो। यसैबीच, अमेरिकी इलेक्टोरल कलेजको मतदानबाट राष्ट्रपति-निर्वाचित जो बाइडेन विजयी हुनु भएको छ। बाइडेनले ३०६ तथा राष्ट्रपति ट्रम्पले २३२ मत प्राप्त गर्नु भएको छ।

यो मतदानसँगै अमेरिकी राष्ट्रपतिमा जो बाइडेनको जित सुनिश्चित भएको छ। इलेक्टोरल मतबाट निर्वाचित भएसँगै बाइडेनले राष्ट्रपति ट्रम्पले अमेरिकी जनताको अभिमतलाई उपेक्षा गरेकामा आपत्ति जनाउनु भएको छ।

# रुपनी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
प्रदेश नं. २ नेपाल

प.स : २०७७।०७८ ☎ ०३१-४५००३५
च.नं : मिति : २०७७।०८।३०गते

## च्याफकटर मेसिन खरिद सम्वन्धि सिलबन्दी बोलपत्र आह्वानको सुचना

**प्रथम पटक प्रकाशित मिति २०७७।०८।३०गते**

प्रस्तुत बिषयमा यस गाँउपालिकाको आ.व.२०७७।०७८ को पशुपंक्षी विकाश शाखाको स्वीकृत बार्षिक कार्यक्रम तर्फ ५०% अनुदानमा च्याफकटर मेसिन वितरण तथा ढुवानीका लागि रकम विनियोजन भए बमोजिम शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म,संस्था,पसल,कम्पनी तथा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सीलवन्दी दरभाउ आह्वान गरिएको छ ।

**शर्तहरु :**

१. दरभाउ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५दिन भित्र यस कार्यालयको राजस्व शाखामा रु.१०००।- (अक्षेरुपी एक हजार रुपैया मात्र) पछि फिर्ता नहुने गरी बुझाई अध्यावधिक नविकरण भएको ईजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सुचिमा नरहेको स्वघोषणा संलग्न राखी सम्बन्धित फर्म, संस्था,पसल, कम्पनि तथा सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयका पशुपंक्षी विकाश शाखाबाट दरभाउ सम्बन्धि कागजात (Tender Document) खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रस्टसँग भरी सम्बन्धित फर्म, संस्था, पसल,कम्पनि तथा सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा सिलबन्दी गरी सो खाम बाहिर नाम, ठेगाना, सूचना नं. र कामको नाम प्रष्ट सँग लेखी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित दरभाउदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउ धरौटी बापतको रकम यस गाउँपालिका कार्यालयको ग्लोबल आईएमई बैंक रुपनी शाखामा रहेको धरौटी खाता नं. R६०४०१००००००५ मा नगद जम्मा गरी सोको सक्कलै बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैकबाट ईजाजत प्राप्त बैंकबाट यस गाउँपालिका कार्यालयको नाममा जारी गरिएको विडवण्ड (बोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन अवधि भएको) पेश गर्नु पर्नेछ । फाईनान्स कम्पनीबाट जारी भएको विडवण्ड मान्य हुने छैन ।

४. दरभाउ शर्त रहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउ पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउ माथि कारवाही हुने छैन ।

५. दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा भर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ ।

६. दरभाउ खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदा लगत्तै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।

७. दरभाउ सम्बन्धि थप जानकारी लिन परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८. प्रचलित कानुन बमोजिम तोकिएको आधारहरु पुरा नभएको, रित नपुगेको, म्याद भित्र दर्ता नभएको र यस सूचना एवं दरभाउ सम्बन्धि कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको दरभाउ उपर कारवाही हुने छैन ।

९. दरभाउपत्रबाट खरिद गर्ने विउको न्युनतम मापदण्डको विवरण दरभाउ फारम साथ संलग्न हुनेछ ।

१०.अन्य थप यस सूचनामा नसमेटिएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

११.एक फर्म, पसल,कम्पनि वा निर्माण व्यवसायीको नाममा खरिद भएको दरभाउपत्र फारम अर्को फर्म, संस्था,पसल, कम्पनि तथा सप्लायर्सको नामबाट दाखिला गर्न पाइने छैन ।

१२.दरभाउपत्र साथ पेश गर्ने कागजातहरुको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

१३.कुनै कारण नजनाई आंशिक वा पुरै दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१४.प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा Website मार्फत गराईनेछ ।

**तपशिल**

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | कामको नाम र विवरण | स्वीकृत वार्षिक रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशु/०१/०७७/०७८ | च्याफकटर मेसिन खरिद तथा ढुवानी समेत | रु १०,००,०००। | रु २५,०००।- | ५०% अनुदानमा |

रेणुका शाह
(प्रमुख प्रशासकिय अधिकृत)

# वर्तमान सरकारको नालायकपनले देशलाई द्वन्द्वतर्फ लगेको नेता राईको आरोप



**दैनिक समाचारदाता**
**राजविराज, ३० मंसिर ।**

जनता समाजवादी पार्टीका वरिष्ठ नेता अशोक राईले वर्तमान सरकारको नालायकपनले देशलाई द्वन्द तर्फ लगेको आरोप लगाएका छन् ।

जनता समाजवादी पार्टी सप्तरी निर्वाचन क्षेत्र नम्बर १ द्वारा बलुवामा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो आरोप लगाएका हुन् ।

कार्यक्रममा बोल्दै वरिष्ठ नेता राईले देशमा भएको आन्दोलन, भ्रष्टाचार, अशान्त स्थिति सरकारको सर्वसत्तावादी, अहंकारका कारण सृर्जना भएको बताए । कम्युनिष्ट सरकारको सर्वसत्तावादी तानाशाही प्रवृत्तिले मुलुक संकटको दिशातर्फ उन्मुख हुदै गएको उनको भनाई थियो ।

कम्युनिष्ट सरकारले संबिधानलाई समेत खिल्ली उडाएको चर्चा गर्दै नेता राईले त्रुटी पुर्ण संबिधानको फाईदा उठाउदै दण्डहिनतालाई शरण दिएको जिकिर गरे ।

संगठनको कामलाई थाँती राखेर प्रतिगामी शक्तिको प्रतिकार गर्न नसकिने बताउदै नेता राईले संगठन निर्माणका कार्यमा लाग्न नेताकार्यकर्तालाई अग्रह गरे । नेता राईले बर्तमन सबिधानले देशलाई निकास दिन नसक्ने बताउदै संबिधान संशोधन अपरिहार्य रहेको उल्लेख गरे ।

जनता समाजवादी पार्टी क्षेत्र नम्बर १ (क)का क्षेत्रीय संयोजक माधव चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा केन्द्रिय कार्यकारिणी समिति सदस्य एबम श्रम तथा रोजगार बिभाग प्रमुख राजकुमार लेखी, केन्द्रिय कार्यकारिणी समिति सदस्य शुशिला श्रेष्ठ, सप्तरी निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य डा. सुर्य नारायण यादव, केन्द्रिय सदस्य एबम पुर्व साँसद सुर्यनाथ यादव, केन्द्रिय सदस्यहरु बिनोद चौधरी, जगदेव यादव, महेन्द्र चौधरी, श्यामसुन्दर सरदार, कल्पना चौधरीले मन्तव्य व्यक्त गर्दै पार्टी संगठन निर्माणमा एकताबद्व भएर लाग्नुपर्नेमा जोड दिए ।

प्रेस नेपाल सप्तरीका कार्यबाहक अध्यक्ष एबं जिल्ला समिति सदस्य बृजमान तामाङद्धारा संचालित कार्यक्रममा स्वागत अर्का जिल्ला समिति सदस्य रामेश्वर यादवले गरे । कार्यक्रममा क्षेत्र नम्बर १ का नेताकार्यकर्ताहरु उपस्तिथि रहेको थियो ।

## *बालिका बलात्कारका ...*

र १० हजार जरिवानाको फैसला गरेको छ ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद दाहालको इजलासले सो कैद र जरिवाना फैसला सुनाएको हो ।

जिल्लाको शम्भुनाथ नगरपालिका २ मा काठको फर्निचर पसल संचालन गरी बसेका चमारले १३ वर्षीया बालिकालाई ललाइफकाई पटक-पटक बलात्कार गरी गर्भवती बनाएका थिए । पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा २०७४ फागुन २० गते उजुरी दिएपछि उनी पक्राउ परेका थिए ।

प्रहरीले आरोपितलाई २०७४ फागुन २२ गते पक्राउ गरेकामा अदालतको आदेशमा २०७४ चैत १८ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा राखिएको छ ।

# सबल नेपालको बार्षिक समाजिक परिक्षण सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, ३० मंसिर ।**

सबल नेपाल राजविराजले मंगलबार बार्षिक समाजिक परिक्षण सम्पन्न गरेको छ ।

राजविराजस्थित नेपाल पत्रकार महासंघको सभाहलमा आयोजित कार्यक्रममा सेभ द चिल्ड्रेनको सहयोगमा सबल नेपालले जिल्लाको पश्चिमी भेगमा गरेको कार्यको बारेमा चर्चा गरिएको थियो ।



सम्पन्न कार्यक्रममा सबल नेपालका निर्देशक दिपक कुमार झाले सबल नेपालले जिल्लाको पश्चिमी भेगमा शिक्षा, स्वास्थ्य, महिला जिविकोपार्जन तथा स्वरोजगार, कृषि क्षेत्रमा बिभिन्न ठाउँमा करेसा बारिको लागि बिभिन्न समुह बनाएर खेतिपाती गर्दै आएको जानकारी दिएका छन् ।

सबल नेपालले सरसफाईमा बढी ध्यान दिएर दलित वर्गमा यसको चेतना बारे र बिश्वभरी फैलिएको कोभिड १९ का कारण प्रभावित स्थानिय जनतासमक्ष सो सम्बन्धि चेतनामूलक कार्यक्रमहरु समेत गरेको उनले जानकारी दिए । समुदायमा सबल नेपालले गरिब र असाहयका लागि महत्वपुर्ण कामहरु गर्दै आएको बताइएको छ ।

स्थानिय ग्रीन मधेस दैनिकका प्रकाशक तथा सम्पादक श्रवण कुमार देवको अध्यक्षता तथा सुरुङ्गा नगरपालिकाका प्रमुख मुक्तिनाथ चौधरीको प्रमुख अतिथ्यमा सम्पन्न कार्यक्रममा सेभ द चिल्ड्रेनका बरिष्ठ कार्यक्रम संयोजक अरुण कुमार महतो, बिष्टि अतिथि सबल नेपालका अध्यक्ष जुना गिरी, कार्यक्रम संयोजक नन्दकिशोर चौधरी, कर कार्यालयका अधिकृत सुरेश दहाल लगायतकाले मन्तव्य ब्यक्त गरेका थिए । कार्यक्रममा कार्यक्रम बारे प्रेस युनियनका उपाध्यक्ष बिनय कर्णले प्रतिवेदन पेश गरेका थिए ।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer (Money Transfer Made Easy), Best Remit (Quick & Easy), Prabhu Money Transfer (प्रभुको इच्छा; रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम), IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*